# कविलासी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कविलासी, सर्लाही

पत्र संख्याः २०८१/०८२

चलानी नं.: ३३२

मधेश प्रदेश, नेपाल

मितिः २०८१/०५/३१

बिषय : डेंगु रोग नियन्त्रण तथा रोकथाम अभियान संचालन गर्ने बारे ।

श्री सम्पूर्ण वडा कार्यालय,
कविलासी नगरपालिका,सर्लाही ।

उपरोक्त सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.न. ९१ मिति २०८१/०५/२६ गतेको प्राप्त पत्रानुसार हाल नेपालमा बढदै गएको डेंगु रोग नियन्त्रण तथा रोकथामको लागि स्थानिय तहले तपसिल अनुसारको कार्य गर्न गराउन जानकारी भई आएकोले सो अनुसार गर्न गराउन हुन अनुरोध छ ।

तपसिल

१. "प्रत्येक शनिवार विहान आठ बजे आधा घण्टा" छुटयाई घरभित्र र बाहिर लामखुटेले फुल पार्ने ठाँउहरु "खोजौ र नष्ट" गरौ भन्ने नारा सहित राष्ट्रिय अभियान संचलान गर्ने । यो अभियान कार्यान्वयन गर्नको लागि स्थानीय जनप्रतिनिधिको नेतृत्वमा स्वास्थ्यकर्मीहरु,महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरु,शिक्षक,पत्रकार,संघसंस्था तथा सम्पूर्ण सरोकारवाला निकाय लाई स्थानीय तह मार्फत परिचालन गरि आ-आफ्नो वडाका हरेक घरधुरिमा संचालन गर्ने ।

२. सवै स्वास्थ्य संस्थाहरुवाट डेंगुका लक्षण देखिएका विरामीहरुको विवरण नगरपालिकाको स्वास्थ्य शाखामा छिटो माध्यम द्वारा दैनिक जानकारी गराउने ।

३. लक्षण देखिएका विरामीलाई परिक्षण गर्न स्वास्थ्य संस्थामा पठाई उपचार प्रकृयामा सहयोग पुर्‍याउने ।

वोधार्थ :-

श्री सम्पूर्ण स्वास्थ्य संस्थाहरु कविलासी नगरपालिका आवश्यक सहयोग तथा समन्वय गर्नु हुन ।

२०८१।५।३१

उदय प्रसाद देवकोटा
प्रमुख प्रशासकिय अधिकृत

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

CamScanner